# शे फोक्सुण्डो गाउँपालिकाको प्राविधिक शिक्षामा लोकसेवा आयोग तयारी कक्षा अध्ययन गर्ने विद्यार्थिहरुलाई छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धि कार्यान्वयन कार्यविधि ,२०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७९। ०९ ।०३

## प्रस्तावना

शेफोक्सुण्डो गाउँपालिकामा वसोवास गरिरहेका प्राविधिक विषयहरुमा लोकसेवा तयारी गर्न चाहने नियमानुसार दर्ता भएका लोक सेवा तयारी कक्षा संचालन गर्ने संस्था वा बसोबास गर्ने होस्टेलमा भर्ना भएका दलित ,द्धन्द्ध पिडित ,अपाङ्ग, गरिविको चपेटामा परेका ,पिछडिएको वर्ग , सहीद परिवार ,सिमान्तकृत ,लोपउन्मुख ,आदिवासि जनजाति तथा विपन्न लक्षित वर्गसम्म व्यवस्थित एवम पारदर्शि तरिकावाट छात्रवृती रकम प्रदान गर्न सकियोस भनि स्थानिय सरकार संञ्चालन ऐनको दफा १०२(२)को अधिकार प्रयोग गरि शेफोक्सुण्डो गाउँपालिकाले प्राविधिक विषयमा लोकसेवा तयारि गर्ने विद्यार्थिहरुलाई उपलव्ध गराउने छात्रवृत्ति कार्यविधि, २०७९ निर्माण गरेको छ।

## १.संक्षिप्त नाम , प्रारम्भ र विस्तार

१.१ यो कार्यविधिको नाम शे फोक्सुण्डो गाउँपालिकाको प्राविधिक विषयमा लोकसेवा अध्ययन गर्ने विधार्थिहरुलाई उपलब्ध गराउने छात्रवृत्ति कार्यान्वयन कार्यविधि ,२०७९ रहेको छ ।

१.२ यो कार्यविधि गाउँपालिकावाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

१.३यसमा लेखिएका प्रावधानहरु शेफोक्सुण्डो गाउँपालिका भित्र लागु हुनेछन ।

## २. परिभाषा :

२.१ गाउँपालिका भन्नाले शेफोक्सुण्डो गाउँपालिका सम्झनु पर्नेछ ।

२.२ छात्रवृत्ति भन्नाले गाउँपालिकावाट नियमित वा आंशिक रुपमा विपन्न ,सहिद परिवार, प्राविधिक विषयहरुमा लोकसेवा तयारी गर्ने र अध्ययन गर्न चाहने विधार्थिहरुका लागि तोकिए बमोजिम नम्सको आधारमा प्रदान गरिने रकमलाई जनाउँछ ।

२.३ समिति भन्नाले यसै कार्यविधि अनुसार गठित छात्रवृत्ति व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

## ३. कार्यविधिको उदेश्य

यस कार्यविधिको उदेश्य देहायबमोजिम रहेका छन :

३.१ छात्रवृत्तिको प्रदानको लागि पारदर्शी र स्पष्ट आधारहरु तयार गर्ने
३.२ वितरण गरिने छात्रवृत्ति रकमलाई शौक्षिक उदेश्य हासिल गर्ने गरी परिणाममुखि बनाउने ।
३.३ विनियोजित बजेट र छात्रवृत्ति कार्यक्रम वास्तविक लक्षित वर्गसम्म ब्यवस्थित एवम पारदर्शी तरिकावाट पुर्याउन ।
३.४ सरोकारवालालाई छात्रवृत्ति सम्बन्धि जानकारीहरु सहज र सरल तरिकाले उपलब्ध गराउने ।

## ४. छात्रवृत्ति व्यवस्थापन समिति :

४.१ गाउँपालिकावाट प्रदान गरिने छात्रवृत्ति ब्यवस्थापन गर्न देहायबमोजिम समिति रहनेछ

(क) गाउँपालिकाका अध्यक्ष
अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष
सदस्य

(ग) लक्षित वर्गको प्रतिनिधित्व हुने गरि कार्यपालिका सदस्य मध्येवाट गाउँपालिकाका अध्यक्षले तोकेको एक जना सदस्य
सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत

सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना अधिकृतस्तरको कर्मचारी

सदस्य

(च) शिक्षा शाखा प्रमुख सदस्य

सचिव

४. २ समितिको बैठकसम्बन्धि कार्यविधि समिति आफैले तोके वमोजिम हुनेछ ।

४.३ छात्रवृत्ति समितिको काम कर्तव्य र अधिकार

(क ) गाउँपालिकावाट उपलब्ध गाराउने छात्रवृत्ति सम्वन्धि आवश्यक नीति तथा मापदण्ड निर्धारण गर्ने ।

(ख) निर्धारण नोति तथा मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न सीफारिस प्रदान गर्ने ।

(ग) छात्रवृत्ति कार्यान्वयनको अवस्थाको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(घ) छात्रवृत्तिको प्रभावकारीता सम्वन्धमा अनुसन्धानात्मक कार्य गर्ने ।

## ५ . प्राविधिक शिक्षा छात्रवृत्ति

छात्रवृत्ति उपलब्ध गराईने प्राविधिक शिक्षाको किसिम , छात्रवृत्ति कोटा निर्धारण तथा वितरण प्रकृया :

५.१ यो छात्रवृत्ति शेफोक्सुण्डो गाउँपालिका भित्र स्थायि वसोवास गर्ने ईन्जिनियरिङ (सिभिल , ईलेक्टोनिक्स ,ईलेक्टिकल ,मेकानिकल ,कम्युटर,सर्भे ईत्यादि ) वनविज्ञान ,स्वास्थ्य , कृषि ,तथा भेटनरी विषय अध्ययन गर्न र प्राविधिक विषयहरुमा लोकसेवा तयारी गर्ने विद्यार्थिहरुलाई उपलब्ध गराईनेछ ।

५.२ शेफोक्सुण्डो गाउँपालिकामा स्थायि वसोवास गर्ने एस एल सि वा एसिईई र दश जोर दुई उत्तिर्ण गरेका दलित वालवालिका , द्धन्द्ध पिडित , अपाङ्ग, गरिविको चपेटामा परेका ,सहिद परिवार , गरिव जेहेन्दार,सिमान्तकृत लोपउन्मुख ,आदिवासि जनजाति तथा विपन्न लक्षित परिवारका विधार्थिहरु यस कार्यविधिका लक्षित समुह हुनेछन ।

५.३ उपदफा ५.१ मा उल्लेखित विषयहरुको पढाईमा लाग्ने खर्चको आधारमा वार्षिक रु २५०००(पच्चिस हजार ) देखि माथि अध्ययन शुल्क गाउँपालिकाको निर्णयानुसार उपलब्ध गराईनेछ ।

५.४ छात्रवृत्ति एक जना विद्यार्थिलाई एक पटक मात्र प्रदान गरिनेछ ।

५.५यो छात्रवृत्ति वार्षिक रुपमा बढिमा२७(सत्ताइस जना)लाई प्रदान गरिनेछ।

## ६. दलित तथा विपन्न लक्षित छात्रवृति

छात्रवृति उपलव्ध गराईने शिक्षाको किसिम , छात्रवृत्ति कोटा निर्धारण वितरण प्रकृया :

६.१ अध्ययनको विषय : यो छात्रवृत्ति शेफोक्सुण्डो गाउँपालिका भित्र स्थायि वसोवास गर्ने ५.१ मा उल्लेखित बालबालिकाहरुलाई उपलब्ध गराईनेछ ।

## ७. लक्षित समुह :

शेफोक्सुण्डो गाउँपालिकामा स्थायि रुपमा बसोवास गर्ने विपन्न तथा अनाथ परिवारका विधार्थिहरु यस छत्रवृत्ति कार्यक्रमका लक्षित समुह हुनेछन ।

७.१ छनोट प्रकृया तथा छात्रवृती रकम वडा कार्यलयको सिफारिसमा छात्रवृत्ति व्यवस्थापन समितिले छनौट गर्नेछ । छनौट भएका विपन्न तथा अनाथ बालबालिकाहरुलाई वार्षिक रुपमा आवश्यक पर्ने पोसाक तथा स्टेशनरि समाग्रिको आवश्यकता अनुसार बढिमा वार्षिक रु २०००० (बीस हजार ) उपलव्ध गराईनेछ र अध्ययन शुल्क गाउँपालिकाको निर्णयानुसार उपलब्ध गराईनेछ ।

## ८. सहीदका छोराछोरीका लागि छात्रवृत्ति

छात्रवृत्ति उपलब्ध गराईने शिक्षाको किसिम , छात्रवृत्तिको कोटा तथा वितरण प्रकृया

८.१ अध्ययनको विषय : यो छात्रवृत्ति शेफोक्सुण्डो गाउँपालिकाभित्र स्थायी वसोवास गर्ने नेपाल सरकारले सहीद घोषणा गरेको परिवारका बालबालिकाहरुलाई उपलब्ध गराईनेछ ।

८.२ शेफोक्सुण्डो गाउँपालिका भित्र स्थायि बसोवास गर्ने सहीद परिवारका विद्यार्थिहरु यस छत्रवृत्ति कार्यक्रमका लक्षित समुह हुनेछन ।

८.३ छनौट प्रकृया तथा छात्रवृत्ति रकम : वडा कार्यलयको सिफारिसमा छात्रवृति व्यावस्थापन समितिले छनौट गर्नेछ।छनौट भएका विद्यार्थिहरुलाई वार्षिक रुपमा आवश्यक पर्ने पोसाक तथा स्टशनरि सामाग्रिको लागि वढिमा वार्षिक रुपमा रु २००००(बीस हजार )उपलव्ध गराईनेछ र अध्ययन शुल्क गाउँपालिकाको निर्णयानुसार उपलब्ध गराईनेछ ।

## ९. छात्रवृत्ति कार्यान्वयन प्रकृया

९.१गाउँपालिकाले छात्रवृत्ति उपलब्ध गराउने सम्वन्धि सुचना प्रकाशित गर्नेछ ।यसरी सुचना प्रकाशित गर्दा सवैले थाहा पाउने गरी विभिन्न माध्यमबाट १५ दिने सुचना प्रकाशित गर्नुपर्नेछ ।

९.२ योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले आफु लक्षित समुहको नागरिक हो भन्ने प्रमाण सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ।

९.३निवेदन प्राप्त कागजताको अध्ययन गरी समितिले विर्धाथिको छनोट गर्नेछ ।

९.४निर्धारित कोटा भन्दा वढि निवेदन परेमा समितिले प्राथमिकताका आधारमा छनौट गर्नेछ।

## १० . भुक्तानि प्रकृया

**१०.१** प्राविधिक शिक्षा छात्रवृति वापत उपलब्ध गराईने रकम विद्यार्थिले नियमानुसार दर्ता भएका लोकसेवा तयारी कक्षा संचालन गर्ने र बसोबास गर्ने संस्थामा भर्ना भई छात्रवृत्ति छनौट सिफारिस समितिको सिफारिसको आधारमा वार्षिक रुपमा एकमुष्ट रकम उपलव्ध गराईनेछ । दलित तथा विपन्न लक्षित छात्रवृत्ति शैक्षिक सत्रको सुरुमा वा आवश्यकता अनुसार उपलव्ध गराईनेछ ।

**१०.२** छात्रवृत्तिका लागि छनौट भएका विधार्थिको अध्ययन गर्ने र बसोबास गर्ने संस्थाको नाममा रहेको वैक खातामा मात्र रकम जम्मा गरिनेछ ।

## ११. कोषको व्यवस्था

शेफोक्सुण्डो गाउँपालिकाद्धारा प्रत्यक वर्षको गाउँसभावाट निश्चित रकम छात्रवृत्ति कोषमा जम्मा गर्दै लगिनेछ । सोहि कोषवाट संकलित निवेदनका आधारमा विभिन्न विषयहरुमा अध्ययनरत विधार्थिलाई छात्रवृत्ति प्रदान गर्दै लगिनेछ ।

## १२. वचाउ

यस कार्यविधि पारीत हुन भन्दा अघि छात्रवृत्ति शिर्षकमा भए गरेको सम्पुर्ण काम कारवाही यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।

अनुसुचि १

कार्यविधिको दफा ९ को उपदफा ९.२ को प्रयोजनको लागि

छात्रवृत्तिका लागि दिईने निवेदनको ढाचा

श्रीमान अध्यक्ष ज्यु

शे-फोक्सुण्डो गाउँपालिका साल्दाङ , डोल्पा ।

विषय : छात्रवृत्ति रकम सम्बन्धमा

महोदय

उपरोक्त सम्वन्धमा म ..............................................................संस्थामा ......................... लोकसेवा तयारी कक्षा अध्ययन गरी रहेको वा रहेकी छु ।म ..........................होस्टेलमा बस्छु । मेरो निम्न आर्थिक अवस्थाको कारणले पढाईमा निरन्तरता दिन समस्या भएकोले मलाई यस गाउँपालिकावाट उपलब्ध हुने प्राविधिक विषयहरुमा लोकसेवा तयारी गर्ने प्राविधिक शिक्षा , दलित तथा विपन्न लक्षित सहिद परिवपार छात्रवृत्ति उपलव्ध गराई दिन हुन अनुरोध छ ।

निवेदकको

दस्तखत :

नाम :

ठेगाना :

मिति :

अनुसुची २

दफा ९ को उपदफा ९.३ को प्रयोजनका लागि

<u>छात्रवृत्ति छनौटको मापदण्ड</u>

| क्र स | विवरण | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विपन्नता | ५ देखि १० अङ्क | |
| २ | अध्ययनको उच्चतम अङ्क | ५ देखि १० अङ्क | एसएलसि वा एसिईई र दश जोर दुई |
| ३ | जातियता | ५ देखि १० अङ्क | |
| ४ | लिङ्ग | ५ देखि १० अङ्क | |
| | जम्मा | ४० (चालिस | |

१. आर्थिक विपन्नता : पाखो वारी ५ रोपनि भन्दा कम खेतियोग्य जमिन १ रोपनि भन्दा कम काठ वा माटोले वनेको घर

२. अध्ययनको उच्चतम अङ्क : डिस्टिङसन ९ भन्दा माथि फस्ट डिभिजन ७ भन्दा माथि सेकेन्ड डिभिजन र थर्ड डिभिजनलाई ५ भन्दा माथि

३. दलित तथा अल्पसङख्यक ९ भन्दा माथि जनजातिलाई ७ भन्दा माथि जेहेन्दारलाई ५ भन्दा माथि विपन्न वर्गलाई ७ भन्दा माथि अङ्क दिईनेछ ।

४. लिङ्ग : दलित महिलालाई ९ भन्दा माथि अन्य महिलालाई ७ भन्दा माथि र पुरुषलाई ६ भन्दा माथि अङ्का प्रदान गरिनेछ ।

## अनुसुचि ३

## निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

१. एसएलसि,एसिईई ,प्राविधिक शिक्षा वा दश जोर दुई उत्तिर्ण गरेको प्रमाण पत्र ।

२. शेफोक्सुण्डो गाउँपालिकामा स्थायी बसोवास गरेको प्रमाण पत्र ( नागरीकता वा जन्मदर्ता )।

३. सम्वन्धित वडाको सिफारीस ।

४. अपाङ्गको हकमा अपाङ्ग परिचय पत्र ।

५. सहिद परिवारको हकमा सरकारले प्रदान गरेको प्रमाण पत्र।

६. दलित तथा विपन्न विधार्थि विपन्नताको कारणले अध्ययन गर्न नसकेकोले छात्रवृत्ति उपलव्ध गराई दिनहुन छात्रवृत्ति व्यवस्थापन समितिको निर्णयानुसार ।